दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २६८ | बुटवल | २०८२ असोज ०९ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday September 25, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## मतदाता नामावली ऐन संशोधन अध्यादेश जारी



बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले आगामी फागुन २१ गते हुने निर्वाचनका लागि मतदाता नामावली ऐन संशोधनसम्बन्धी अध्यादेश जारी गरेका छन् ।

राष्ट्रपति पौडेलले संविधानको धारा ११४ को उपधारा १ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गरेका हुन् ।

मतदाता नामावली ऐन २०७३ को दफा ४ को उपदफा २ को २ मा भएको व्यवस्था संशोधनका लागि अध्यादेश ल्याइएको हो । उक्त दफामा 'निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गरिने छैन' भन्ने व्यवस्था उल्लेख थियो । उक्त व्यवस्थाका कारण रोकिने मतदाता नामावली खुलाउनका लागि अध्यादेश ल्याइएको आयोगले जनाएको छ । अध्यादेश जारी गरेपछि मतदाता नामावली संकलनको बाटो खुलेको छ ।

मतदाता नामावलीमा नाम छुटेकाहरुले अब आफ्नो नाम दर्ता गराउन सक्नेछन् । तर त्यसअघि निर्वाचन आयोगले त्यससम्बन्धी निर्णय गरेर मतदाता नामावली संकलनको मिति तोक्ने छ ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले भने-'अध्यादेश जारी भएपछि कानुन बमोजिम मतदान गर्न योग्यता पुगेकाहरुको नामावली संकलनको लागि बाटो खुलेको छ । त्यसका लागि निर्वाचन आयोगले आवश्यक निर्णय गर्नेछ ।'

» बाँकी ३ पेजमा

## बाबुरामले छाडे पार्टी अध्यक्ष पद

बुटवल । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. बाबुराम भट्टराईले अध्यक्षबाट राजीनामा दिएका छन् ।

उनले बुधबार काठमाडौंमा बसेको पार्टी केन्द्रीय समिति बैठकमा राजीनामा पेश गरेका हुन् । बैठकले केन्द्रीय समिति भंग गरेर विशेष महाधिवेशनमा जाने निर्णय गरेको छ ।

साथै, महाधिवेशनका लागि आयोजक कमिटी पनि गठन गरिएको छ ।

आयोजक कमिटीको संयोजकका रुपमा वरिष्ठ उपाध्यक्ष दुर्गा सोबलाई तोक्ने तयारी रहेको बैठकमा सहभागी एक केन्द्रीय सदस्यले जानकारी दिए । जेनजी आन्दोलनपछि दलहरुको नेतृत्वमा वर्षौंदेखि रहेका पुराना नेताहरुले नेतृत्व छाड्नुपर्ने दबाब बढेको छ । तर भट्टराई भने गत वर्ष मात्रै अध्यक्ष निर्वाचित भएका थिए ।

## करेन्ट लागेर श्रीमान–श्रीमतीको मृत्यु

बुटवल । रूपन्देहीमा करेन्ट लागेर श्रीमान- श्रीमतीको मृत्यु भएको छ ।

गैंडहवा गाउँपालिका वडा नं. ६ का ७५ वर्षीय रामरतन सैठवार र उनकी श्रीमती ६८ वर्षीय अकाली सिंह सैठवारको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी डीएसपी सुरज कार्कीले जानकारी दिए ।

डीएसपी कार्कीका अनुसार मंगलबार बिहान ह्याण्ड पाइपबाट पानी तान्न मोटरको तार जोड्दा करेन्ट लागेर दुवै जनाको मृत्यु भएको हो ।

सुरुमा अकाली सिंहलाई करेन्ट लागेको र श्रीमतीलाई छुटाउन जाँदा रामरतनलाई पनि करेन्ट लागेको प्रहरीले जनाएको छ ।

मोटरमा रहेको तारमा पावर सकेटमा जोड्ने टुपिन नहुँदा नाङ्गो तार जोड्ने क्रममा करेन्ट लागेको प्रहरीको भनाइ छ ।

मृतक दुवै जनाको शव पोष्टमार्टमका लागि भीम अस्पताल भैरहवा पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## मधेश सरकारबाट बाहिरिने कांग्रेसको निर्णय

बुटवल । नेपाली कांग्रेसले मधेस प्रदेश सरकारबाट बाहिरिने निर्णय गरेको छ । मुख्यमन्त्रीको दलले नै नाटकीय निर्णय गरेपछि सरकारको औचित्य सकिएकाले कांग्रेसले समर्थन फिर्ता लिनुपरेको मधेस कांग्रेस संसदीय दलका नेता कृष्ण यादवले जानकारी दिए ।

मुख्यमन्त्रीको पार्टी जनमतले सरकारबाट बाहिरिने निर्णय गरेर संसद्मा समेत प्रतिपक्षको बेन्चमा बस्ने निर्णय सुनाइसकेको अवस्थामा सरकारको औचित्य नरहेकाले मुख्यमन्त्रीलाई समर्थन गरेर सरकारमा बसिरहनु राजनीतिक र नैतिक दुवै औचित्य नभएको यादवले बताए । उनले त्यही कारणसमर्थन फिर्ता लिने निर्णय गरेको जनाए । उनीहरूले त्यसको जानकारी प्रदेशसभालाई गराइसकेका छन् ।

अब सरकार गठनका लागि उचित विकल्पमा छलफल हुने यादव बताउँछन् । पहिलो प्राथमिकता भने आफ्नै नेतृत्वमा सरकार बनाउने उनको भनाइ छ ।

जेनजी आन्दोलन चर्किएपछि जनमतले मुख्यमन्त्रीलाई राजीनामा दिन आग्रह गर्दै सरकारबाट बाहिरिने निर्णय गरेको थियो । निर्णयपछि जनमतले प्रतिपक्षमा बस्ने जानकारी प्रदेश सभामा गराइसकेको छ ।

मधेस प्रदेशसभामा पहिलो पार्टी रहेको एमालेको २३ तथा कांग्रेसको २२ सिट छ । त्यसपछिका जसपा नेपालको १९ र जनमत पार्टीको १३ सिट छ ।

# सरकारी खर्च घटाउन के–के भए निर्णय ?

**बैठक भत्ता र आवास सुविधा रकम कटौती, दोहोरो संरचना खारेज, दरबन्दी थप नगर्ने, विदेश भ्रमणमा १० जना बढी जान नपाइने, प्रतिफल नदिने संस्थानमा सरकारले थप लगानी नगर्ने, पदाधिकारीले एकभन्दा बढी गाडी नपाउने, सरकारी खर्चमा अनावश्यक तालिम, गोष्ठी, सेमिनार नहुने र प्रेससहितका सल्लाहकार राख्न नपाइने निर्णय सरकारले गरेको छ।**







**लुम्बिनी संवाददाता**
*बुटवल*

लामो समयदेखि सरकारी खर्च घटाउनुपर्ने वहस चले पनि निर्णय हुन सकेको थिएन । तर भदौ २३ र २४ को जेनजी आन्दोलनको सफलताको बलमा बनेको पूर्व प्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको चुनावी सरकारले यसमा ठोस पाइला चालेको छ ।

अर्थमन्त्री रामेश्वर खनालले मन्त्रिस्तरीय निर्णय गर्दै सरकारले सांसद र राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरेको छ ।

मन्त्रालयका अनुसार सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरिने भएको छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीहरूले भने स्वकीय सचिव राख्न पाउनेछन् ।

त्यस्तै, राष्ट्रपति, उप-राष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष बाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीको लागि सल्लाहकार नियुक्ति गर्न नपाउने भएका छन् ।

सरकार र प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीन जना मात्र नियुक्ति गर्न सक्नेछन् । अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्ति बाहेक थप दरबन्दी सिर्जना नगर्ने र विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दीको सट्टा सेवा परामर्श लिइने भइएको छ ।

यस्तै खर्च घटाउन अर्थमन्त्री रामेश्वर खनालले चालु बजेटमा व्यापक कटौती गरेका छन् । पुँजीगत बजेटतर्फ खुद्रे आयोजनामा विनियोजन भएको बजेट रोक्का राख्ने निर्णय गरेका अर्थमन्त्री खनालले चालुतर्फ भने थुप्रै सुधारात्मक कटौती गरेका छन् । आन्दोलन अगाडिको सरकारले ल्याएको बजेटबाटै आगामी आवश्यकता पूरा गर्न खर्चको जोहो गर्नुपर्ने दबाबमा उनी छन् ।

आम निर्वाचन, पुनर्निर्माण र राहतका कार्यक्रममा स्रोतको खाँचो बढ्दै जाँदा खनालले अपेक्षित रूपमा चालु खर्चमा कटौती थालेका हुन् । उनले चालेका अधिकांश कदम अघिल्लो सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका लागि आफैंले दिएका सुझावमा आधारित छन् । अर्थतन्त्रका समस्या नजिकबाट नियालेका खनालले जहाँ समस्या छन्, त्यहीँबाट उपचार समेत थालनी गरेका छन् । मन्त्रिपरिषद्को ५ असोजको बैठकले विकास आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा विभिन्न निर्णय गरेको हो ।

अर्थमन्त्री खनालका अनुसार चालु र पुँजीगत प्रकृतिको बजेटमा गरिएको यो निर्णयबाट सरकारले १ खर्ब २० अर्ब रुपैयाँ हाराहारी स्रोत जोहो गर्न सक्ने सम्भावना छ ।

यसबाट सरकारले निर्वाचन र पुनर्निर्माणका काममा स्रोत खोज्न दबाब नहुने निष्कर्ष निकालेको छ । सरकारले यस वर्ष १९ खर्ब ६४ अर्ब रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ ।

अब सार्वजनिक निकायका कर्मचारी र पदाधिकारीले नियमित कामका लागि बसेको बैठकको भत्ता पाउने छैनन् । कानुन बमोजिम गठन भएको समितिको काममा कार्यालय समय बाहेक बैठकको भने भत्ता पाउने निर्णय सरकारले गरेको छ ।

आन्दोलन क्रममा आगोमा जलेका कुर्सी, टेबुल, दराज, सोफालगायत सामान अनावश्यक रहेका कार्यालयबाट लिएर उपयोग गर्न सकिने निर्णय समेत भएको छ । सरकारी, निजी वा परिवारको स्वामित्वमा रहेको आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा बापत रकम लिन पाउने छैनन् । सरकारी कार्यालयको आवश्यकताभन्दा बढी कोठा र सुविधा भएको घर बहालमा नलिने र सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने निर्णय समेत सरकारले गरेको छ ।

परामर्श सेवाका हकमा विद्यमान जनशक्तिबाट हुने काममा बाह्य सेवा परामर्शबाट काम नगराउने निर्णय सरकारले गरेको छ ।

सरकारले सरकारी संरचना बिमा गर्ने काम थाल्ने निर्णय गरेको छ । जेनजी आन्दोलन क्रममा ठूलो मात्रामा सरकारी संरचना ध्वस्त भए । तर, बिमा नहुँदा यी संरचनाको पुनर्निर्माणको दायित्व शतप्रतिशत सरकारले बेहोर्नुपर्ने भएको छ ।

आन्दोलन क्रममा आगोमा जलेका कुर्सी, टेबुल, दराज, सोफालगायत सामान अनावश्यक रहेका कार्यालयबाट लिएर उपयोग गर्न सकिने निर्णय समेत भएको छ ।

सरकारले अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्ति बाहेक थप दरबन्दी सिर्जना नगर्ने निर्णय गरेको छ । विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दी सट्टा सेवा परामर्श लिइने भएको छ । मन्त्रालयहरूले अब संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी चुस्त, छरितो र मितव्ययी बनाउन आवश्यक संरचना र दरबन्दी शीघ्र घटाउने निर्णय समेत भएको छ । तीन वटै तहका सरकारमा दरबन्दी बाहेक अस्थायी र करारमा अब कर्मचारी राख्न पाइने छैन ।

अब सरकारी खर्चमा अनावश्यक तालिम, गोष्ठी, सेमिनार नहुने भएका छन् ।

» बाँकी ३ पेजमा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. विष्णु अधिकारी
करिश्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
गुल्मी

कञ्चन गाउँपालिकाको अनुरोध
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।
अनुरोधक :
कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## खर्च कटौती सकारात्मक

जेनजी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारले मितव्ययिता कायम गर्न अनुत्पादक खर्चमा व्यापक कटौती गर्नु सकारात्मक छ । सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहतसमेतकालाई बजेट व्यवस्थापन गर्न सरकारले खर्च कटौती गरेको हो ।

पूर्व प्रधानमन्त्री, पूर्व राष्ट्रपतिलगायत विशिष्टले लिँदै आएको स्वकीय सचिवको सुविधादेखि स्थानीय तहका प्रमुख, अध्यक्षदेखि प्रदेशसभा सदस्यको स्वकीय सचिव कटौती गर्ने निर्णय भएको छ । त्यसैगरी प्रदेश सरकारका मुख्यमन्त्रीहरुले राख्दै आएको विज्ञ र सल्लाहकार पनि राख्न नपाउने व्यवस्था भएको छ । प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभा अध्यक्षले मात्रै सल्लाहकार राख्न पाउने, मन्त्रीहरुले मिडिया समन्वयका लागि प्रेस संयोजक राख्न नपाउने, त्यो काम कर्मचारीहरुले नै चलाउन पाउने व्यवस्था गरेर एकातिर चालु खर्च कटौती भएको छ भने अर्कोतिर स्वकीय सचिवलगायतमा मनपरी नियुक्त गर्ने प्रवृत्ति पनि रोकिएको छ, निजामति प्रशासनलाई जिम्मेवार जवाफदेही बनाउन खोजिएको छ । असोज ५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णय कार्यान्वयनका लागि अर्थ मन्त्रालयले सम्बन्धित सबै मन्त्रालय, निकाय तथा प्रदेश र स्थानीयका सरकारहरुलाई निर्देशनसहित पत्राचार गरेको छ ।

अर्थविद् डा.डिल्लीराज खनाल नेतृत्वको सार्वजनिक खर्च पुनरावलोकन आयोगले २०७५ फागुन ३ मा सरकारी खर्च कटौती गरी ३ खर्ब रुपैयाँ जोगाउन सरकारलाई सुझाव प्रतिवेदन दिएको थियो । खनाल नेतृत्वको आयोगले दिएको सुझाव तत्काल कार्यान्वयन गर्नु आवश्यक थियो, तर तत्कालीन सरकारले खर्च कटौतीको जोखिम लिन सकेन् । संघीय शासन प्रणालीलाई चुस्त बनाउनका लागि खर्च कटौती गर्न जोखिम नमोल्नु तत्कालीन सरकारको कमजोरी थियो ।

डा.खनाल संयोजकत्वको आयोगले संघीय मन्त्रालयलाई २२ बाट १६ मा झार्न सुझाव दिएको थियो । यस्तै केन्द्रका विभागलाई ५७ बाट ३५ बनाउन सुझाएको थियो । हाल रहेका ३०० समिति र कोषमध्ये ९० प्रतिशत खारेज गर्नुपर्ने सुझाव पनि दिएको थियो । मन्त्रालय र विभागका कर्मचारी दरबन्दी ६० प्रतिशत घटाउन आयोगले सुझाव दिएको थियो । यी सुझाव कार्यान्वयन गर्न सकेको भए निजामति प्रशासन चुस्त हुनुको साथै मन्त्रालय पनि छरितो हुन्थे । डा. खनाल नेतृत्वको समितिले दिएको सुझाव कार्यान्वयन भएन नै, तत्कालीन सरकारका अर्थमन्त्री विष्णु पौडेलले अर्थतन्त्र सुधारका लागि भन्दै २०८१ पुस २४ गते अहिलेका अर्थमन्त्री रामेश्वर खनालकै नेतृत्वमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग बनाएका थिए । उक्त आयोगले पनि डा. खनाल आयोगले दिएका सुझाव जस्तै अनावश्यक संरचना कटौती गर्न सुझाव दिएको थियो । यो सुझाव आयोगको प्रतिवेदन कार्यान्वयन गर्न सरकारले नसकिरहेका बेला अन्तरिम सरकारले थालेको पहलकदमी सकारात्मक छ । अहिले सार्वजनिक खर्च पुनरावलोकन आयोग र उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका सुझावलाई कार्यान्वयन गर्ने ठाउँमा आयोगका अध्यक्षले अर्थ मन्त्रालयको जिम्मेवारी पाएकाले पनि कार्यान्वयन गर्न सहज भएको छ ।

टुक्रे आयोजना कटौतीदेखि अनुत्पादक र नतिजा नदिने क्षेत्रमा भइरहेको खर्चमा कटौती गरेर अर्थमन्त्रीले सकारात्मक सन्देश दिएका छन् । अनावश्यक निकाय र संरचना तत्काल खारेज गर्न आवश्यक छ । संघ, प्रदेश र स्थानीय तहमा कतिपय एकै खालका संरचना भएकाले ती संरचना पनि खारेज गर्नुको विकल्प छैन ।

## २७.८९ अंकले घट्यो सेयर बजार



काठमाडौँ । बुधबार सेयर बजारमा उच्च गिरावट देखिएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २७.८९ अंकले घटेर २६५४.३५ विन्दुमा झरेको हो । यो दिन ५३ कम्पनीको सेयर मूल्य बढ्दा १९३ कम्पनीको सेयर मूल्य घटेको छ । ५ कम्पनीको मूल्यमा भने कुनै परिवर्तन आएको छैन ।

बजारमा ३१७ कम्पनीको ९४ लाख कित्ता सेयर किनबेच हुँदा ४ अर्ब १२ करोड रुपैयाँ बराबरको कारोबार भएको छ । बजारमा ३ कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । माथिल्लो मैलुन खोला, सीटी होटल र हिमस्टार ऊर्जाको सेयर मूल्य १० प्रतिशतले बढेको हो ।

बजारमा धेरै कारोबार युनियन हाइड्रोपावरको भएको छ । युनियनको २२ करोड १३ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । त्यस्तै, नेपाल रिइन्स्योरेन्सको १७ करोड, हिमालयन रिइन्स्योरेन्सको १३ करोड, सीईडीबी होल्डिङ्सको १२ करोड र शिवम् सिमेन्टको ११ करोड रुपैयाँ बराबरको कारोबार भएको छ ।

कारोबारमा होटल तथा पर्यटन समूह ०.८५ प्रतिशतले बढ्नु बाहेक सबै समूहका सूचक घटेका छन् । अन्य समूह सबैभन्दा धेरै २.१६ प्रतिशतले घटेको छ । बैंकिङ ०.७३, विकास बैंक १.१३, हाइड्रोपावर ०.९६, लगानी १.९०, जीवन बिमा ०.५२, उत्पादन तथा प्रशोधन ०.११, माइक्रोफाइनान्स ०.८४, निर्जीवन बिमा १.५१ तथा व्यापार समूह १.६५ प्रतिशतले घटेका हुन् ।

# जेनजेड सुहाउँदो अबको शिक्षा : एक विश्लेषण



डा. तारानाथ भट्टराई

**परिचय**

जेनरेशन जेड (जेन जेड), जसमा करिब सन् १९९७ देखि २०१२ बीच जन्मिएका व्यक्तिहरू पर्छन् । जसलाई "नव पुस्ता" पनि भन्न सकिन्छ । इन्टरनेट, स्मार्टफोन, कृत्रिम बुद्धिमत्ता, र सामाजिक सञ्जालको तीव्र प्रसारबिच हुर्किएका कारण उनीहरूको सोंच, जीवनशैली र सिकाइका प्राथमिकताहरू पूर्णतः नयाँ ढंगले विकास भएका छन् । उनीहरू छिटो प्रविधि आत्मसात गर्ने, विविधतालाई स्वीकार गर्ने, र विश्वव्यापी दृष्टिकोणबाट सोच्ने क्षमताका कारण अघिल्ला पुस्ताभन्दा फरक देखिन्छन् ।

शिक्षासम्बन्धी दृष्टिकोणमा उनीहरूले डिग्रीलाई मात्र सफलता मान्दैनन्, बरु व्यावहारिक सीप, समस्या समाधान गर्ने क्षमता, आलोचनात्मक सोच, र मानसिक लचकतालाई प्राथमिकता दिन्छन् । उनीहरूको लागि शिक्षा व्यक्तिगत विकाससँगै सामाजिक उत्तरदायित्व र भविष्यप्रतिको तयारी पनि हो । यसै कारण, जेन जेड को आवश्यकतालाई सम्बोधन गर्न २१औं शताब्दीको शिक्षा समावेशी, सीप-उन्मुख, प्रविधिमैत्री र विश्वव्यापी दृष्टिकोणयुक्त हुनुपर्ने आवश्यकता छ । Seemiller र Grace (२०१६) को "Generation Z Goes to College" पुस्तकमा आधारित, यो लेखमा जेन जेडका विशेषता, आकांक्षा, शैक्षिक अपेक्षा र तिनीहरूलाई सम्बोधन गर्ने सम्भावित रूपरेखाको चर्चा गरिनेछ ।

**जेन जेडका विशेषता र मानसिकता**

पुस्ताहरुको विकासक्रम हेर्दा प्रत्येक पुस्ताले आफ्नै विशेषता, मानसिकता र शैक्षिक अपेक्षाहरू बोकेको पाइन्छ । तर जेन जेड को विशिष्टता अरूभन्दा फरक छ किनभने उनीहरू पूर्ण डिजिटल युगमै जन्मिएका र हुर्किएका हुन् । यसले उनीहरूको सिकाइ शैली, सोंच्ने तरिका र भविष्यप्रतिको दृष्टिकोणलाई गहिरो प्रभाव पारेको छ । उनीहरूको लागि शिक्षा केवल ज्ञान हस्तान्तरणको साधन मात्र नभई जीवनयापनसँग प्रत्यक्ष रूपमा जोडिएको प्रक्रिया हो । यसले व्यवहारिक सीप, नवप्रवर्तनशील सोच, सामाजिक न्याय, र विश्वव्यापी सचेतनालाई एकैसाथ आत्मसात गर्नुपर्ने माग गर्दछ । यस पृष्ठभूमिबाट जेन जेडका विशेषता र मानसिकता बुझ्न आवश्यक हुन्छ, जसले २१औं शताब्दीमा शिक्षालाई नयाँ परिकल्पना गर्न सहयोग पुऱ्याउँछ ।

**१. प्रविधिमैत्री र डिजिटल-अनुभव**

जेन जेड प्रविधिले भरिपूर्ण वातावरणमा हुर्किएका कारण असाधारण डिजिटल दक्षताले सम्पन्न छन् । उनीहरूले विभिन्न डिजिटल प्लेटफर्महरू सजिलै प्रयोग गर्छन् र शैक्षिक उपकरणहरूमा एआई ट्यूटर, भर्चुअल कक्षा कोठा र इन्टरएक्टिभ प्लेटफर्म जस्ता प्रविधिहरू समावेश हुने अपेक्षा राख्छन् । यस प्रकारको डिजिटल अनुभवले उनीहरूको सिकाइको रुचि निर्माण गरेको छ, जसले पारम्परिक पद्धतिभन्दा मल्टिमिडिया सामग्री र इन्टरएक्टिभ अनुभवलाई प्राथमिकता दिन्छ ।

**२. व्यवहारिक र सीप-उन्मुख**

अघिल्ला पुस्ताले सैद्धान्तिक ज्ञानमा जोड दिएको भए पनि जेन जेड व्यावहारिक जीवन सीप प्रदान गर्ने शिक्षालाई प्राथमिकता दिन्छन् । उनीहरूले वित्तीय साक्षरता, आलोचनात्मक सोच, डिजिटल दक्षता र समस्या समाधान जस्ता सीपलाई महत्त्व दिन्छन् । यो व्यवहारिक दृष्टिकोणले उनीहरूको वास्तविक जीवनका चुनौतीहरू सामना गर्ने तयारी र आर्थिक स्वतन्त्रता हासिल गर्ने चाहनालाई प्रकट गर्दछ (Seemiller & Grace, २०१६)।

**३. विविधता र समावेशप्रति सचेतना**

जेन जेड विविधता, समानता, र समावेशप्रति दृढ प्रतिबद्धताले चिनिन्छन् । उनीहरूले शैक्षिक वातावरणहरूलाई सम्मानजनक, समानतापूर्ण, र मानसिक रूपमा सहायक बनाउन समर्थन गर्छन् । यो सचेतना बहुसांस्कृतिकता, लैङ्गिक समानता, र समावेशलाई आत्मसात गर्नसम्म फैलिएको छ, जसले शैक्षिक संस्थानहरूले यी मूल्यहरू प्रतिबिम्बित गर्नुपर्ने माग गर्दछ ।

**४. विश्वव्यापी दृष्टिकोण**

विश्वव्यापी सूचना र दृष्टिकोणमा पहुँचका साथ, जेन जेड ले आफूलाई विश्व नागरिकका रूपमा स्थापित गर्ने आकांक्षा राख्छ । उनीहरू जलवायु परिवर्तन, दिगोपन, र अन्तरसांस्कृतिक समझदारी जस्ता मुद्दाहरूलाई शिक्षा मार्फत सम्बोधन गर्न उत्सुक छन् । यो विश्वव्यापी दृष्टिकोणले पाठ्यक्रमहरूलाई विश्व नागरिकता र वातावरणीय संरक्षणमा केन्द्रित बनाउन उनीहरूको चाहनालाई अघि बढाउँछ ।

**५. उद्यमशील भावना**

जेन जेडका धेरै सदस्यहरू उद्यमशील मानसिकताले सम्पन्न छन्, जसले करिअरमा स्वतन्त्रता र सिर्जनशीलतालाई महत्त्व दिन्छ । उनीहरू स्वतन्त्र व्यवसाय, नवप्रवर्तन, र स्टार्टअपतर्फ आकर्षित हुन्छन् र यसलाई परम्परागत रोजगारको विकल्पका रूपमा हेर्छन् । यो उद्यमशील भावनाले उनीहरूको आत्मनिर्भरता र अर्थपूर्ण कामप्रतिको चाहनालाई प्रकट गर्दछ ।

**जेन जेडका आकांक्षा र अपेक्षाहरू**

जेन जेडका आकांक्षा र अपेक्षाहरू समयानुकूल छन् । उनीहरूले भविष्यलाई केवल व्यक्तिगत सफलता वा आर्थिक उपलब्धिमा सीमित गर्दैनन्, बरु समाज, विश्व र वातावरणप्रति आफ्नो जिम्मेवारीलाई पनि त्यससँग जोड्छन् । त्यसैले, उनीहरूको सपना र चाहनाहरू जीवनका विभिन्न आयामहरू करिअर, मानसिक स्वास्थ्य, नवप्रवर्तन, सामाजिक योगदान सँग प्रत्यक्ष सम्बन्धित हुन्छन् । यी आकांक्षा बुझ्नाले शिक्षालाई कस्तो दिशातर्फ अगाडि बढाउनुपर्ने हो भन्ने स्पष्ट सन्देश दिन्छ, जसले व्यक्तिगत विकाससँगै सामूहिक भलाइलाई पनि प्रोत्साहन गर्छ ।

**१. उद्देश्यपूर्ण करिअर/पेशागत दक्षताको सपना**

जेन जेडको प्रमुख आकांक्षामध्ये एक भनेको उद्देश्यपूर्ण करिअर/पेशागत दक्षता हो । उनीहरूका लागि रोजगारी केवल तलब र पदसम्म सीमित छैन, बरु कामले व्यक्तिगत मूल्य, रुचि, र समाजप्रतिको जिम्मेवारीसँग मेल खानुपर्छ भन्ने उनीहरूको सोच छ । उदाहरणका लागि, जेन जेडका धेरै युवाहरू वातावरणीय संरक्षण, सामाजिक उद्यम, र गैर-नाफामुखी क्षेत्रमा आकर्षित हुने देखिन्छन्, जहाँ उनीहरूले आफ्नो श्रमलाई विश्व सुधारतर्फ मोड्न सक्छन् । यसले देखाउँछ कि उनीहरूका लागि व्यक्तिगत सन्तुष्टि र सामाजिक योगदान दुवै अपरिहार्य छन् । यसरी, उद्देश्यपूर्ण करिअरप्रतिको उनीहरूको चाहना परम्परागत कर्मचारी-नियुक्ति सम्बन्धभन्दा पर, अर्थपूर्ण र दीर्घकालीन प्रभाव पार्ने भूमिकामा केन्द्रित हुन्छ ।

**२. सन्तुलित जीवन**

काम र जीवन सन्तुलनप्रतिको जेन जेड को आकांक्षा विशेष ध्यान दिन लायक छ । अघिल्ला पुस्ताले 'काम पहिलो, जीवन दोस्रो' भन्ने दृष्टिकोणलाई प्राथमिकता दिए पनि, जेन जेड ले मानसिक स्वास्थ्य, लचिलो कार्यसमय, र व्यक्तिगत विकासलाई जीवनका अभिन्न अङ्गका रूपमा हेर्छ । उनीहरूलाई करिअरमा प्रगति आवश्यक भए पनि, त्यो प्रगतिले शारीरिक वा मानसिक स्वास्थ्यमा नकारात्मक असर पार्नु हुँदैन भन्ने बुझाइ छ । यसैले, उनीहरू प्रभावकारी काम, हाइब्रिड मोडेल, वा लचिलो समय व्यवस्थापन जस्ता विकल्पलाई प्राथमिकता दिन्छन् । यस दृष्टिकोणले देखाउँछ कि उनीहरूका लागि सफलताको मापदण्ड केवल व्यावसायिक उपलब्धि होइन, बरु व्यक्तिगत जीवनमा सन्तुष्टि र मानसिक शान्ति पनि हो ।

**३. नवप्रवर्तन र परिवर्तन**

नवप्रवर्तन र परिवर्तन जेन जेडका लागि प्रेरक शक्ति हुन् । उनीहरू आफूलाई 'परिवर्तनकर्ता'को भूमिकामा देख्न चाहन्छन्, जसले समाजलाई नयाँ बाटो देखाउन सक्छ । नयाँ प्रविधि, स्टार्टअप, सामाजिक उद्यम, वा समाधानमुखी अनुसन्धानमार्फत उनीहरूले वास्तविक जीवनका समस्याहरू सम्बोधन गर्न चाहन्छन् । जलवायु संकट समाधानदेखि लिएर डिजिटल स्वास्थ्य सेवा वा शिक्षा प्रविधिमा सुधार ल्याउने जस्ता क्षेत्रमा उनीहरूको रुचि बढ्दो छ । यस आकांक्षाले जेन जेड लाई केवल उपभोक्ता होइन, बरु सिर्जनाकर्ता र अग्रणीको भूमिकामा स्थापित गर्छ। यसरी, नवप्रवर्तनप्रतिको उनीहरूको प्रतिबद्धता व्यक्तिगत लाभभन्दा पर गएर सामूहिक भलाइमा योगदान गर्ने तर्फ निर्देशित हुन्छ ।

**जेन जेडका लागि शिक्षाः एक रूपरेखा**

जेन जेडका विद्यार्थीहरू डिजिटल युगमा जन्मेका छन् र उनीहरूको शिक्षा अनुभव परम्परागत शिक्षण विधिबाट फरक छ । उनीहरूले केवल पाठ्यपुस्तक ज्ञान मात्र होइन, व्यावहारिक सीप, सामाजिक सम्बन्ध, र मानसिक स्वास्थ्यसम्बन्धी समर्थन पनि अपेक्षा गर्छन् । यस पिढ़ीका विद्यार्थीहरूका लागि फरक तथा पृथक खालको शिक्षाको रूपरेखा अथवा ढाँचाको आवश्यकता पर्छ, जसलाई निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ ।

**१. समावेशी र मानसिक रूपमा सहयोगी शिक्षा**

जेन जेडको लागि शिक्षा केवल शैक्षिक सफलता होइन, बरु मानसिक स्वास्थ्य र आत्मसम्मानसँग पनि गहिरो रूपमा जोडिएको छ। उनीहरू एक सुरक्षित, सम्मानजनक र समान अवसर प्रदान गर्ने वातावरणमा सिक्न चाहन्छन् । यसले उनीहरूलाई आफ्नो पहिचानलाई स्वतन्त्र रूपमा अभिव्यक्त गर्न र विविधताभित्र सहकार्य गर्न सक्षम बनाउँछ । विद्यालयहरूले लैङ्गिक समानता, बहुसांस्कृतिकता, शारीरिक वा मानसिक अपाङ्गता भएका विद्यार्थीहरूको आवश्यकतालाई सम्बोधन गर्ने नीतिहरू लागू गर्नुपर्छ । साथै, परामर्श सेवा, माइन्डफुलनेस अभ्यास, र मानसिक स्वास्थ्य सम्बन्धी समर्थन कार्यक्रमहरूले विद्यार्थीको आत्मविश्वास र लचकता बढाउँछन् । यस्तो समावेशी र सहयोगी वातावरणले विद्यार्थीलाई मात्र सफल बनाउँदैन, बरु उनीहरूलाई समाजमा सक्रिय र संवेदनशील नागरिकका रूपमा तयार गर्छ ।

**२. व्यवहारिक र सीप-केन्द्रित सिकाइ**

आजको प्रतिस्पर्धी संसारमा केवल सैद्धान्तिक ज्ञानले विद्यार्थीलाई पर्याप्त रूपमा सशक्त बनाउन सक्दैन । जेन जेड ले आफ्नो जीवनमा प्रत्यक्ष प्रयोग गर्न सक्ने व्यवहारिक सीपलाई प्राथमिकता दिन्छन् । त्यसैले शिक्षामा सम्प्रेषण कला, आलोचनात्मक सोच, समस्या समाधान, वित्तीय साक्षरता, र उद्यमशीलताको आधारभूत ज्ञानलाई समावेश गर्नुपर्छ । विद्यालय र विश्वविद्यालयहरूले 'लर्निङ बाइ डुइङ' (Learning by Doing) प्रविधि अपनाउनुपर्छ, जसले विद्यार्थीलाई वास्तविक जीवनका चुनौतीहरूमा सीधा संलग्न गराउँछ । उदाहरणका लागि, विद्यार्थीलाई उद्यम योजना बनाउन लगाउने, सामुदायिक परियोजनामा संलग्न गराउने, वा स्थानीय समस्याको समाधान निकाल्ने अभ्यास गराउन सकिन्छ । यसले उनीहरूलाई केवल परीक्षामुखी नभई जीवनमुखी शिक्षित नागरिक बनाउन मद्दत गर्छ ।

**३. प्रविधि-संलग्न सिकाइ**

डिजिटल युगका प्रतिनिधि भएकाले जेन जेड ले शिक्षामा प्रविधिलाई स्वाभाविक रूपमा अपेक्षा गर्छन् । उनीहरूले इन्टरएक्टिभ एप, एआई-आधारित ट्यूटर, भर्चुअल र संवर्धित वास्तविकता (VR-AR) प्रयोग गरेर जटिल अवधारणालाई सजिलै बुझ्न चाहन्छन् । खेलायन (Gamification) प्रविधिले उनीहरूको रुचि र सहभागिता बढाउँछ, जसले सिकाइलाई रमाइलो र चुनौतीपूर्ण दुवै बनाउँछ । प्रविधिको प्रयोगले विद्यार्थीलाई विश्वव्यापी सूचना र स्रोतहरूसँग जडान गराउँछ, जसले उनीहरूको दृष्टिकोणलाई फराकिलो बनाउँछ । तर, प्रविधिको प्रयोगसँगै डिजिटल साक्षरता र नैतिक प्रयोगको चेतनालाई पनि शिक्षामा समावेश गर्न आवश्यक छ । यसरी, प्रविधि-संलग्नित सिकाइ केवल दक्षता बढाउने मात्र नभई विद्यार्थीलाई जिम्मेवार डिजिटल नागरिक बनाउन पनि महत्त्वपूर्ण हुन्छ ।

**४. व्यक्तिगत र लचिलो मार्गहरू**

हरेक विद्यार्थीको रुचि, क्षमता र भविष्यका आकांक्षा फरक हुन्छन् । त्यसैले शिक्षा प्रणालीले 'एकै ढाँचाको पाठ्यक्रम' भन्दा बाहिर निस्केर व्यक्तिगत र लचिलो मार्गहरू उपलब्ध गराउनुपर्छ । अनुकूलनात्मक शिक्षण प्रणाली (Adaptive Learning Systems) ले विद्यार्थीलाई आफ्नो स्तरअनुसार अघि बढ्न मद्दत गर्छ भने, माइक्रो-क्रेडेन्सियल र मोड्युलर पाठ्यक्रमहरूले उनीहरूलाई छोटो अवधिमा विशेष सीप प्राप्त गर्ने अवसर दिन्छ । यसले विद्यार्थीलाई रोजगार बजारको मागअनुसार आफूलाई तयार पार्न सजिलो बनाउँछ । साथै, व्यक्तिगत मार्गले विद्यार्थीलाई आफ्नो रुचि र लक्ष्यअनुसार सिकाइ छनोट गर्ने स्वतन्त्रता दिन्छ, जसले उनीहरूको प्रेरणा र संलग्नतालाई बढाउँछ। यसरी, लचिलो शिक्षा जेन जेड लाई आत्मनिर्भर र बहुआयामिक व्यक्तित्व विकासतर्फ डोऱ्याउँछ ।

**५. सहकार्यात्मक र सहभागी शिक्षा**

विशेषगरी, जेन जेडलाई समूहमा काम गर्न, विचार आदान-प्रदान गर्न, र सहपाठीसँगै सिक्न मन पर्छ । उनीहरूले शिक्षा प्रक्रियामा सक्रिय सहभागिता खोज्छन् । समूह परियोजना, बहस, रोल-प्ले, र सहपाठीबिचको सिकाइले उनीहरूलाई टोली भावना, नेतृत्व, र सहानुभूति सिकाउँछ । यसले विद्यार्थीलाई फरक विचारलाई सम्मान गर्न र साझा समाधान खोज्न प्रेरित गर्छ । सहभागी शिक्षाले उनीहरूलाई केवल व्यक्तिगत सफलता होइन, बरु सामूहिक जिम्मेवारी बोध गर्ने नागरिक बनाउन सहयोग पुऱ्याउँछ । उदाहरणका लागि, विद्यालयमा सामुदायिक सेवा परियोजना वा सामाजिक अभियानमा विद्यार्थीलाई सक्रिय सहभागी गराइएमा उनीहरूको सहकार्यात्मक क्षमता थप विकसित हुन्छ ।

**६. भविष्यमुखी र विश्वव्यापी सिकाइ**

विशेषगरी आजको शिक्षाले भोलिको विश्वलाई ध्यानमा राख्नैपर्छ । जेन जेड ले जलवायु परिवर्तन, दिगोपन, प्रविधि विकास, र अन्तरसांस्कृतिक समझदारीलाई शिक्षामा प्राथमिकता दिन चाहन्छन् । त्यसैले पाठ्यक्रममा दिगोपन, जलवायु कार्य, डिजिटल कोडिङ, रोबोटिक्स, र विश्व नागरिकता सिकाइ समावेश हुनुपर्छ । यसले विद्यार्थीलाई भविष्यका रोजगारी अवसरमा मात्र नभई विश्वव्यापी चुनौती समाधानमा पनि सक्षम बनाउँछ । यसरी भविष्यमुखी शिक्षा विद्यार्थीलाई केवल दक्ष कामदार मात्र होइन, जिम्मेवार विश्व नागरिकको रूपमा तयार पार्छ ।

**७. मूल्यांकन-परिवर्तित मोडेल**

परम्परागत परीक्षा प्रणाली, जसले केवल रटानलाई प्राथमिकता दिन्छ, अब पर्याप्त छैन । जेन जेड ले आफ्ना वास्तविक सीप र प्रयोगात्मक दक्षता प्रमाणित गर्न सक्ने मूल्याङ्कन प्रणाली चाहन्छन् । यसका लागि परियोजना-आधारित मूल्याङ्कन, पोर्टफोलियो, प्रस्तुति, र निरन्तर प्रतिक्रियालाई प्राथमिकता दिनुपर्छ । यसले विद्यार्थीलाई केवल अंकका आधारमा होइन, उनीहरूको वास्तविक क्षमता र सिर्जनशीलताका आधारमा मूल्याङ्कन गर्छ । मूल्याङ्कन-परिवर्तित मोडेलले विद्यार्थीलाई आत्मविश्लेषण गर्ने, सुधार गर्ने, र निरन्तर सिकाइमा संलग्न हुने अवसर दिन्छ ।

**८. करिअर र उद्यमशीलता एकीकरण**

शिक्षाले अब सीधा रोजगारी र उद्यमशीलतासँग सम्बन्ध राख्नुपर्छ । जेन जेड ले करिअरमा स्वतन्त्रता, रचनात्मकता, र नवप्रवर्तन खोज्छन् । त्यसैले विद्यालय वा विश्वविद्यालयहरूले इन्टर्नशिप, करिअर परामर्श, र स्टार्टअप इन्क्युबेटर उपलब्ध गराउनुपर्छ । यसले विद्यार्थीलाई वास्तविक कार्यक्षेत्रको अनुभव दिन्छ र आफ्नै उद्यम सुरु गर्ने अवसर पनि सिर्जना गर्छ । यस्तो शिक्षा विद्यार्थीलाई केवल रोजगारी खोज्ने होइन, बरु रोजगारी सिर्जना गर्ने क्षमता प्रदान गर्छ ।

**निष्कर्ष**

जेन जेडको शिक्षाप्रतिको दृष्टिकोणले परम्परागत शिक्षण प्रणालीमा महत्वपूर्ण चुनौती र अवसर दुवै प्रस्तुत गरेको छ । उनीहरू डिजिटल युगमा जन्मिएका र हुर्किएका पहिलो पुस्ता हुन्, जसले प्रविधि, वैश्विक जानकारी, र सामाजिक सञ्जाललाई आफ्नो जीवनको अभिन्न हिस्सा बनाइसकेका छन् । यसले उनीहरूको सिकाइ शैली, मानसिकता, र करिअर अपेक्षामा प्रत्यक्ष प्रभाव पारेको छ । परम्परागत कक्षाकोठा, पाठ्यपुस्तक र परीक्षा-केन्द्रित शिक्षा प्रणाली मात्र अब पर्याप्त छैन । जेन जेडले यस्तो शिक्षा चाहन्छन् जसले उनीहरूलाई व्यक्तिगत विकास, मानसिक स्वास्थ्य, सामाजिक जिम्मेवारी, र व्यावहारिक जीवन सीपमा सशक्त बनाओस् ।

जेन जेड-मैत्री शिक्षा रूपरेखाले यी आवश्यकताहरूलाई आठ स्तम्भमार्फत् सम्बोधन गर्छ, समावेशी र मानसिक रूपमा सहयोगी शिक्षा, व्यवहारिक र सीप-केन्द्रित सिकाइ, प्रविधि-संलग्नित सिकाइ, व्यक्तिगत र लचिलो मार्गहरू, सहकार्यात्मक र सहभागी शिक्षा, भविष्यमुखी र विश्वव्यापी सिकाइ, मूल्याङ्कन-परिवर्तित मोडेल, र करिअर तथा उद्यमशीलता एकीकरण । यी स्तम्भहरू केवल आधुनिक पाठ्यक्रममा लागू गर्न सकिने गाइडलाइन मात्र होइन, बरु विद्यार्थीलाई भविष्यका चुनौतीहरू सामना गर्न सक्षम र जिम्मेवार नागरिक बनाउने आधार पनि हुन् ।

विशेषगरी, जेन जेडले शिक्षामार्फत् केवल व्यक्तिगत सफलता प्राप्त गर्न मात्र होइन, सामाजिक र विश्वव्यापी योगदान गर्न पनि चाहन्छन् । यसले शिक्षा प्रणालीलाई पारम्परिक दक्षता र ज्ञान हस्तान्तरणभन्दा पर जान बाध्य बनाउँछ । शिक्षामा लचकता, व्यक्तिगत अनुकूलन, र सहभागिता बढाउँदा विद्यार्थीमा आत्मविश्वास, नेतृत्व क्षमता, र सिर्जनात्मक सोंच विकसित हुन्छ । प्रविधिको उचित उपयोगले सिकाइलाई अधिक आकर्षक र प्रभावकारी बनाउँछ भने मूल्याङ्कन-परिवर्तनले वास्तविक क्षमता र व्यावहारिक दक्षतालाई महत्व दिन्छ ।

निष्कर्षतः, जेन जेडको शिक्षा केवल नयाँ पुस्तालाई तयारी गराउने माध्यम नभई समाज र विश्वका चुनौतीहरू समाधान गर्न सक्षम नागरिक तयार गर्ने प्रक्रिया हो । यसले व्यक्तिगत सन्तुष्टि, व्यावसायिक सफलता, र सामाजिक योगदानलाई एकसाथ जोड्छ । शिक्षाविद, शिक्षक, नीति निर्माता, र अभिभावकहरूले जेन जेड को आवश्यकताहरू र आकांक्षालाई बुझेर शिक्षा प्रणालीलाई पुनः परिकल्पना गर्नुपर्छ । यस्तो शिक्षा प्रणालीले केवल ज्ञान हस्तान्तरण गर्ने होइन, भविष्यको समाज निर्माणमा सक्रिय योगदान दिने सक्षम, सिर्जनशील, र जिम्मेवार विश्व नागरिक तयार गर्ने लक्ष्य पूरा गर्न सक्दछ ।

**सन्दर्भ**

Seemiller, C., & Grace, M. (2016). Generation Z goes to college. Jossey-Bass.

# दसैँ सुरु भएसँगै बेसी झर्न थाले भेडीगोठ

ढोरपाटन । दसैँ नजिकिएसँगै लेकबाट भेडीगोठ बेसी झन थालेका छन् । बर्खायाममा करिब चार महिना लेकमा बस्ने गोठला आफ्ना वस्तुभाउ लिएर बेसी झर्न थालेका हुन् ।

जेठ दोस्रो सातादेखि लेक उक्लिने गोठालाहरु दसैँको पहिलो दिन घटनस्थापना सुरु भएसँगै बेसी झर्न थालेका हुन् । महिनौँ लेकमा बसेका गोठलाहरु परिवारसँग भेट्ने आशा बोकेर बेसी झरि रहेका छन् । बागलुङको निसीखोला, ढोरपाटन, तमानखोलालगायत क्षेत्रबाट स्थानीय वर्खाको समयमा वस्तुभाउ लिएर लेक उक्लिने गर्छन् ।

गोठालाहरु ढोरपाटन सिकार आरक्ष क्षेत्रमा पर्ने टीकाधारा, फागुने, गर्पाछेडा, स्याचुङसहित निसीखोलाको रिग, खोलाखानी, तिलाचन र तमानखोलाको सोलेडाँडालगायत क्षेत्रमा पुग्ने गर्छन् । ती क्षेत्रहरु समुन्द्री सतहदेखि तीन हजारदेखि चार हजार पाँच सय मिटरको उचाइसम्म पर्छन् । लेकबाट भेडीगोठ बेसी झर्न थालेपछि बेसी क्षेत्रमा गोठालाको चहलपहल बढेको छ । पश्चिम बागलुङका धेरै किसान पशुपालनमा आबद्ध रहेका छन् । चार महिनापछि बेसी झरेका गोठालालाई ठूलो पर्व नै आएको छ ।महिनौँ परिवारसँग टाढिएका उनीहरु अब आगामी जेठ महिनासम्मसँगै हुने छन् । एकै परिवारले दुई सयदेखि एक हजार बढीसम्म भेडा पाल्दै आएका छन् । गोठालाहरु हप्तौँको यात्रा गरेर बुकी चढ्ने र बेसी झर्ने गर्छन् । बेसीमा भन्दा बुकी क्षेत्रमा भेडाबाख्राका लागि चरन क्षेत्र र पोषिलो घाँस पर्याप्त पाइने हुँदा जेठदेखि नै लेक चढ्न थाल्छन् ।यतिबेला ढोरपाटन उपत्यका, पातीहाल्ने, सोलेडाँडा, भर्कोबाङलगायत क्षेत्रमा भेडाको ठूलो बथान भेटिन्छन् । यो समय भेडाबाख्रा बेच्ने सिजन भएको हुँदा गोठालाहरु बेसी झरेर बजार तिर लाग्ने गर्छन् ।

बेसी झरेका गोठालेहरु अब केही दिनमै मुख्यमुख्य सहरसम्म हप्तौँ दिन हिँडेर भेडाबाख्रा बेच्न जाने गर्छन् । दसैँका लागि भेडा च्याङ्ग्रा बेचेर खर्च जोहो गर्छन् । निसीखोला गाउँपालिका-६ का कुमानसिंह विश्वकर्माले तीन महिना २३ दिनमा लेकबाट फर्किएको बताए । आफ्ना दुई सय बढी भेडा रहेको सुनाउँदै छिटो झर्दा घाँस पुऱ्याउन समस्या हुने गरेको उनको भनाइ छ । चार महिनालाई पुग्ने खर्च पहिले नै लिएर लेक उक्लिएको विश्वकर्माले सुनाए ।

उनले भने-"हाम्रा बाउबाजेले यहीँ पेशा गरे, हामीहरुले यसलाई निरन्तरता दिँदै आयौँ, तर हाम्रो छोरानातीले भेडा गोठाला बन्न चाहेनन्, उनीहरुले पढ्ने लेख्ने भए, विदेश जाने भए, जेठ असारमा लेक उक्लिने र असोजमा बेसी झर्ने त हाम्रो लागि संस्कृति नै भयो, यो साल मात्रै होइन हामीहरु हरेक वर्ष वर्खामा लेक उक्लिने र हिउँद सुरु भयो भने बेसी झर्ने गर्छौं, घर परिवारसँग महिनौँ दिन टाढा भएर बस्न त मन हुँदैन तर के गर्ने गोठालाको बाध्यता यस्तै छ ।"

बर्खाभरी पोषिलो घाँस खाएर सप्रिएका खसी, बोका र भेडाको मूल्यसमेत राम्रो पर्ने हुँदा एउटै भेडापालक किसानले वार्षिक लाखौँ आम्दानी गर्ने गरेका छन् । बेसी झरिसकेका गोठालालाई बजारमा कुन-कुन खसी, बोका र भेडा लैजाने भनेर छनोट गर्न थालेका छन् । गोठालाहरु भेडा बेच्नका लागि केही बुर्तिवाङ, खर्बाङ, गुल्मीको रिडी, पाल्पा हुँदै बुटवलसम्म पुग्छ भने कोही गलकोट, बागलुङ, पर्वत हुँदै पोखरासम्म पुग्ने तयारीमा छन् । ढोरपाटन नगरपालिका-९ का तुलबहादुर पुनले लेकमा विस्तारै चिसो बढ्न थालेपछि बेसी झरेको बताए ।

आफू असार ३ गते बुकीपाटन उक्लिएको सुनाउँदै चाडबाड मान्नका लागि हरके वर्ष घटस्थापनाका दिन बेसी झर्ने गरेको उनको भनाइ छ ।

"म यसरी लेकबेसी गरेर वस्तुभाउ पाल्न थालेको ४०/४२ वर्ष भयो, यो अवधिमा कात्तिकसम्म लेकमा बसेको छैन, लेकमा बस्दा धेरै समस्या हुन्छ, अब त विस्तारै जाडो बढ्न थाल्यो, भेडाबाख्रा मर्छन्, दसैँ अल्ली पछाडि हुँदा असोज २०/२२ तिर झर्थ्यौ अहिले त अलि छिटै पऱ्यो", उनले भने-"असारमा गएपछि म तीज बेला एकपटक घरमा झरेको थिएँ, पटक-पटक आउजाउ गर्ने गाह्रो हुन्छ, नजिक छैन लेक त्यहीँ भएर खर्च पर्च एकै पटक लिएर जाने र दसैँ मनाउन आउने गर्छौं ।"

लेकबाट वस्तुभाउ बेसी झरेपछि तल्लो क्षेत्रमा चहलपहल बढेको छ । जसले दसैँको माहोल बढाएको छ । निसीखोला-६ का कुलबहादुर घर्तीले डेढ सय भेडा बेसी झारी सकेको सुनाउँदै ५५ वटा गाई अझै लेकमा रहेको बताए । गाई लिनका लागि एक जना आफन्तलाई लेक पठाएको उनको भनाइ छ । गाई १३ गतेसम्म बेसी झारी सक्ने घर्तीले सुनाए ।

# दोश्रो गौतमबुद्ध कपको आय तथा व्ययको सार्वजनिक

कञ्चन । गत साउन ३१ गतेदेखि भदौ १० गतेसम्म गौतमबुद्ध सामुदायिक विकास केन्द्रद्वारा सञ्चालित दोश्रो गौतमबुद्ध कप नाइन ए साइड फुटबल प्रतियोगिता २०८२ को आम्दानी तथा खर्च विवरण सार्वजनिक गरेको छ ।

स्थानीय आमा समूह, क्लब, टोल विकास संस्थाका प्रतिनिधि, स्थानीय अगुवाहरुको उपस्थितिमा केन्द्रका अध्यक्ष कमल परियारले प्रतियोगिताको सम्पूर्ण आम्दानी तथा खर्च सार्वजनिक गरेका हुन् । अध्यक्ष परियारले दोश्रो गौतमुबद्ध कप नाइन ए साइड फुटबल प्रतियोगिता सञ्चालन गर्न आर्थिक, भौतिक तथा नैतिक रुपमा सहयोग गर्नु हुने सम्पूर्ण सहयोगदाता, स्थानीय तह, वडा, संघसंस्था तथा शुभेच्छुकहरुलाई धन्यवाद व्यक्त गरेका थिए । साथै अध्यक्ष परियारले विभिन्न सहयोगदाताहरुबाट प्राप्त सहयोग तथा शुभेच्छुकहरुबाट सहयोगले सञ्चालन भएको कञ्चनको गौरवको रुपमा हेरिएको फुटबल प्रतियोगितालाई सफल पार्न रातदिन खट्ने स्वयम्सेवी, खेलाडी, स्थानीय अगुवा, बुद्धिजीवी, शुभेच्छुक, आमा समूह, क्लब तथा टोल विकासका सम्पूर्ण सदस्य तथा पदाधिकारीहरुलाई धन्यवादसहित आभार व्यक्त गरेका थिए ।

अध्यक्ष परियारले प्रतियोगितालाई सञ्चालन गर्न प्राप्त भएको १० लाख १९ हजार १४ रुपैयाँ र सहयोग दिने कवोल भएको तर प्राप्त हुन बाँकी १ लाख ८८ हजार १५५ रुपैयाँ आम्दानी सार्वजनिक गरेका थिए । साथै प्रतियोगिता सञ्चालन गर्दा भएको ८ लाख ६० हजार ४६ रुपैयाँ खर्च समेत सार्वजनिक गर्दै प्रतियोगिताका लागि प्राप्त हुन बाँकी आर्थिक सहयोग पनि छिट्टै प्राप्त हुने विश्वास उनले व्यक्त गरे ।

कार्यक्रममा प्रगति टोल विकास संस्थाका अध्यक्ष तथा गौतमबुद्ध सामुदायिक विकास केन्द्रका सल्लाहकार मोतीलाल थापा र सञ्जय काउछा मगरले कञ्चनको खेलकुद विकासमा गौतमबुद्ध सामुदायिक विकास केन्द्रले पुऱ्याएको योगदान र फुटबल खेललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा कञ्चन र यस क्षेत्रलाई पहिचान स्थापित गर्नमा खेलेको भूमिका भविष्यमा मूल्यांकन हुने समेत विश्वास व्यक्त गरे ।

गौतमबुद्ध सामुदायिक विकास केन्द्रका अध्यक्ष कमल परियारको अध्यक्षतामा भएको कार्यक्रम केन्द्रका सचिव हिरालाल विश्वकर्माको सञ्चालनमा भएको थियो ।

# भूमि आयोग खारेज

बुटवल । नेकपा (एमाले) नेतृत्वको सरकारले गठन गरेको भूमि समस्या समाधान आयोग खारेज गर्ने निर्णय भएको छ । अर्थमन्त्री रामेश्वर खनालको प्रस्तावमा मन्त्रिपरिषद्को बैठकले भूमि आयोग खारेज गर्ने निर्णय गरेको हो ।

सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहतका लागि विभिन्न शीर्षकका खर्च कटौती गर्ने निर्णय भइरहँदा सरकारले एक वर्षअघि मात्र गठन भएको भूमि समस्या समाधान आयोग खारेज गरेको हो ।

भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न भन्दै एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री र उपाध्यक्ष विष्णुप्रसाद पौडेल अर्थमन्त्री रहेको आयोग गठन गरिएको थियो ।

यससम्बन्धी आदेश ०८१ भदौ १४ गते राजपत्रमा प्रकाशन गरिएको थियो । सोहीअनुसार, आयोगमा अध्यक्ष, विज्ञ, प्रत्येक प्रदेशको प्रतिनिधित्व हुने गरी सदस्यहरूको नियुक्ति गरिएको थियो ।

साथै, ७७ वटै जिल्लामा जिल्ला समिति गठन गर्ने व्यवस्था पनि गरिएको थियो । यसमा भूमि व्यवस्था मन्त्रालयले जिल्ला अध्यक्ष नियुक्ति गर्ने प्रावधान थियो । आयोग गठन गर्दा राज्यको करोडौँ रुपैयाँ खर्च भएको थियो ।


## रिब्दीकोट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### खस्यौली, पाल्पा

## सूचना संशोधन गरिएको सम्बन्धमा

प्रस्तुत विषयमा रिब्दीकोट गाउँपालिकाबाट मिति २०८२/०५/२४ गते लुम्बिनी दैनिकमा प्रकाशित Upgrading of Bhairabsthan bharkot majuwa porakni to ward no 6 Road (RRM/NCB/WORKS-03/2082/83) को सुचनामा Bid security Amount (NRS) २,८०,००० हुनुपर्नेमा अन्यथा भएकोमा उक्त सूचना संशोधन गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## सरकारी...

गर्नै परे सरकारी हल र अनल(इन माध्यममा गर्नुपर्ने भएको छ । सरकारी खर्चमा अत्यावश्यक बाहेक विदेश भ्रमणमा रोक लगाइने भएको छ । नेपाल सरकारको प्रतिनिधित्व सम्बन्धित नियोगबाटै हुने भए सो ही नियोगलाई अख्तियारी दिने निर्णय समेत सरकारले गरेको छ । राष्ट्र प्रमुख वा सरकार प्रमुखको ने तृत्वमा अनिवार्य सहभागी हुनुपने कार्यक्रममा भने बढीमा १० जन(ामात्र सहभागी हुन सक्ने गरी निर्णय भएको छ । सरकारले र ाष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालय मातहत फिर्ता गरेको छ । राजस्व अनुसन्धान विभाग र शुद्धीकरण विभागलाई समेत अर्थ मन्त्रालय मातहत फिर्ता गरिएको छ । यी निकाय तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रधानमन्त्री कार्यालय मातहत लगेका थिए । सर कारले अब प्रतिफलयुक्त आयोजना, वैदेशिक सहायताबाट सञ्चालित आयोजना र नागरिकप्रति दायित्व बहन गर्नुपर्ने विषयका आयोजनाका लागि मात्र सार्वजनिक संस्थानमा से यर तथा ऋण लगानी गर्ने भएको छ ।

आर्थिक अवस्था कमजोर भएका र सावाँव्याज तथा प्रतिफल दिन नसक्ने संस्थानमा अब सर कारले थप लगानी नगर्ने भएको छ । यसरी रोक्का गरिएको अवधिभरि यस्ता संस्थानले हकप्रद र एफपीओ समेत जारी गर्न पाउने छैनन् ।

सरकारले अब सरकारी सुविध(ामा गाडी दिने भनी तोकेका पद(ाधिकारीका हकमा एकभन्दा बढी गाडी सुविधा नदिने भएको छ । मन्त्रालयहरूले क्षति भएका गाडीका हकमा आफ्नो मातहत विभाग, निकाय र कार्यालयका गाडीबाट व्यवस्थापन गर्नुपर्ने भएको छ ।

उद्देश्य बाहिर र कम महत्त्वका क्षेत्रमा रहेको बजेट समेत रोक्का र ाख्ने निर्णय सरकारले गरेको छ । भइपरी वा अन्य शीर्षकमा एकमुष्ट बजेट राखी आयोजना पहिचान भएको वा नभएको समेत बजेट रो क्का राखिएको छ ।

राजनीतिक र प्रशासकीय पद(ाधिकारीको सुविधामा नयाँ सवार ीसाधन खरीद नगरी उपलब्ध साध(नबाटै व्यवस्थापन गरिने भएको छ । सवारीसाधनसम्बन्धी व्यवस्थापनका लागि अब अर्थले छुट्टै मापदण्ड बनाउने भएको छ । निर्वाचन प्रयो जनका लागि भने अपुग सवार ीसाधन खरिद हुने भएका छन् । सर कारी सवारीसाधनको पूर्ण निर्जीवन बिमा गरिने भएको छ ।

प्रेस समन्वयका लागि अब सम्बन्धित निकायका प्रवक्ता र सूचना अधिकारीहरू नै बढी सक्रिय हुनुपर्ने भएको छ । प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति खारेज गरि एको छ । स्वकीय सचिवालयको कार्यकक्ष अब मन्त्रालयमा नहुने भएको छ ।

सार्वजनिक संस्थानका प्रमुख पदमा तत्कालका लागि सरकारले आफ्ना स्थायी कर्मचारीलाई खटा(उने भएको छ । महँगा इलेक्ट्रोनिक्स र विलासी सामान खरिद नगरिने भएको छ । ग्यास, साइकल, स्वास्थ्य बीमा शुल्क, विद्युत् महसुल भुक्तानी, ह्यान्डपम्प, साडी वितरण गर्न नप(ाइने गरी निर्णय भएको छ ।

सरकारले विगतमा स्रोत सहमति लिएर निर्माणको काम सुरु भइसकेका आयोजनालाई निरन्तरता दिएको छ । तर, पूँजीगत बजेटमध्ये मन्त्रालयगत बजेट सूचना प्रणालीमा नयाँ प्रविष्टि भएका, पूर्वतयारी नभ(एका र दोहोरो प्रविष्टि भएका कम महत्त्वका साना आयोजना रोक्का र ाखिएको छ ।

उद्देश्य बाहिर र कम महत्त्वका क्षेत्रमा रहेको बजेट समेत रोक्का र ाख्ने निर्णय सरकारले गरेको छ । भइपरी वा अन्य शीर्षकमा एकमुष्ट बजेट राखी आयोजना पहिचान भएको वा नभएको समेत बजेट रो क्का राखिएको छ । अब प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने गरी संघीय मन्त्रालयले राखेका टुक्रे आयोजना समेत रोक्का गरिएको छ । ठूला आयोजनामा भने निरन्तर बजेट उपलब्ध हुने भएको छ ।

नेपाल सरकारबाट सञ्चालन हुने, नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने १० लाखभन(दा बढीका आयोजना अब उपभो क्ता समितिबाट कार्यान्वयन गराउने पाइने छैन । आयोजना टुक्राएर समे त उपभोक्ता समितिबाट काम गराउने नपाइने निर्णय भएको छ ।

## मतदाता...

जेनजी युवा आन्दोलनपछि गठन भएको अन्तरिम सरकारले ताजा जनादेशका लागि आगामी फागुन २१ गते निर्वाचन गर्ने निर्णय गरेको छ । निर्वाचन मिति घोषणा भइसकेको अवस्थामा मतदाता नामावलीमा नाम लेखाउन पाइँदैन ।

तर, राजनीतिक परिवर्तनका लागि भूमिका निर्वाह गरेका थुप्रै युवाहरुको योग्यता पुगेर पनि मतद(ाता नामावलीमा नाम दर्ता नभएक(ाले उनीहरूका लागि नाम दर्ता गर ाउने कानुनी गाँठो फुकाउन अध्यादे श जारी भएको हो । मतदाता नाम(ावली ऐन २०७३ को दफा ४ को उपदफा २ को २ मा भएको व्यवस्था संशोधनका लागि अध्यादेश ल्य(ाइएको हो ।

उक्त दफामा 'निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनका लागि मतदाता नाम(ावलीमा नाम दर्ता गरिने छैन' भन्ने व्यवस्था उल्लेख थियो ।

उक्त व्यवस्थाका कारण रो किने मतदाता नामावली खुलाउनका लागि अध्यादेश ल्याइएको आयो गले जनाएको छ ।


## बुद्धशान्ति साझेदारी वन उपभोक्ता समुह
**रामग्राम न.पा. – १८ नवलपरासी**

## गोलिया काठ लिलाम सम्बन्धमा प्रकाशित सूचना

प्रकाशन मिति : २०८२/०६/०९

उपरोक्त सम्बन्धमा यस साझेदारी वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८० /२०८१ र ०८१/०८२ मा कटान मुछान भई यस साझे दारी वन उपभोक्ता समूहको भागमा परेको साल समेत विभिन्न जातको गोलिया थान ९८९ को ७४०२.४३ क्यु. फि. लाइ लट कायम गरी दोश्रो पटक सुचना प्रकाशन र विभिन्न जातको गोलिया थान १६२ को ११७१.३ क्यु. फि. लाइ लट कायम गरी तेश्रो पटक सुचना प्रकाशन गरी जे जस्तो अवस्थामा छ सो हि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम प्रकृयाद्धारा विक्री वितरण गर्नु पर्ने भएकोले ईजाजत प्राप्त फर्म/कम्पनीबाट उपरो क्त लटहरुको लागी १५ दिन भित्र तोकिएको कार्यालयबाट वोलपत्र फाराम खरिद गरी १६ औं दिनको १:०० बजे सम्म रीत पुर्वक अलग अलग लट को अलग अलग सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । बिस्तृत जानकारी समूहको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

**विरेन्द्र प्रसाद चौधरी**
**अध्यक्ष**



**लुम्बिनी प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**

## डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)

## बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०६।०९ गते)**

यस कार्यालयको आ.व. २०८२/०८३ बजेट उपशीर्षक नं ३२९०१०१२ बाट सुस्ता गाँउपालिका वडा नं. १ मा सव डिभिजन वन कार्यालयको भवन निर्माण कार्य e– bidding प्रक्रियाबाट गराउनुपर्ने भएकोले ईच्छुक निर्माण व्यवसायी, फर्म वा कम्पनीहरुबाट प्रचलित कानुनको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ । बोलपत्र सम्बन्धि विस्तृत सुचना यस कार्यालयको सूचना पाटी तथा वेवसाइट https://dfoparasi.lumbini.gov.np/मा राखिएको छ । थप जानकारीका लागि www.bolpatra.gov.np वा यस कार्यालयको फोन नं. ०७८-५२०८५५ मा सम्पर्क गर्न सकिनेछ ।

**बोलपत्र सम्बन्धी कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | रकम रु.(भ्याट रकम र कन्टिन्जेन्सी रकमसहित) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | DFO-NAW/ Works/NCB/ 2082-083/01 | Sub-Division Forest Office Building Construction Work, Susta-01, Nawalparasi (Ba.Su.Pa.) | ४९,५७,६३६।२ | 1,25,000/- | ३०००/- |



## सत्यवती गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
**लुम्बिनी प्रदेश**

## नदीजन्य पदार्थको बिक्रीका लागि ठेक्का आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः२०८२/०६/०९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क), यस सत्यवती गाउँकार्यपालिको मिति २०८२/०६/०७ गतेको निर्णय र लुम्बिनी प्रदेशको प्रकाशित राजपत्रको दफा ८ सँग सम्बन्धित अनुसूची -६ बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट तपसिल बमोजिमको परिमाणमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी गाउँपलिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रर नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधीनमा रही ठेक्का प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं | नदीजन्य पदार्थ संकलन गरिने क्षेत्र | उत्खनन् परीमाण (घन फि.) | न्यूनतम कबोल अङ्क (सेवाशुल्क र मू.अ.क. सहित) | फाराम दस्तुर | धरौटी रकम | विड बण्ड म्याद | बोलपत्र पेस गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| आय ०१-०८२ /०८३ | कालीगण्डकी नदी (कठानी वगर क्षेत्र) | ८८२१६.९७ | ५,९८,१११.०६/- | १,००० | कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम | ७५ दिन | २०८२/०६/२८ दिनको १२:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी | २०८२/०६/२८ दिनको ०१:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी |
| आय ०२-०८२ /०८३ | कालीगण्डकी नदी (चकमके बगर क्षेत्र) | ७२२४३.१२ | ४,८९,८०८.३६/- | १,००० | कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम | ७५ दिन | २०८२/०६/२८ दिनको १२:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी | २०८२/०६/२८ दिनको ०१:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी |
| आय ०३-०८२ /०८३ | कालीगण्डकी नदी (ठुलाबगर बगर क्षेत्र) | ९५३७३.२३ | ६,४६,६३०.४७/- | १,००० | कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम | ७५ दिन | २०८२/०६/२८ दिनको १२:०० बजेसत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी | २०८२/०६/२८ दिनको ०१:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी |
| आय ०४-०८२ /०८३ | कालीगण्डकी नदी (लछादी बगर क्षेत्र) | १२०५१७.०८ | ८,१७,१०५.७८/- | १,००० | कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम | ७५ दिन | २०८२/०६/२८ दिनको १२:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी | २०८२/०६/२८ दिनको ०१:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी |
| आय ०५-०८२ /०८३ | बडीगाड नदी (उल्लि खोला बगर क्षेत्र) | २१९९५९.७५ | १४९१३२७.०८/- | १,००० | कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम | ७५ दिन | २०८२/०६/२८ दिनको १२:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी | २०८२/०६/२८ दिनको ०१:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी |

- फाराम दस्तुर बुझाउनः कुमारी बैङ्क, सत्यवती शाखा, GA.1.1.ANTARIK RAJASWA KHATA खाता नं. 2690247957400010
- धरौटी रकम बुझाउनः कुमारी बैङ्क, सत्यवती शाखा , GA 3 DHARAUTI K SATYAWATI खाता नं. 2690247957400003

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website: https://satyawatimun.gov.np/ मा हेर्न सकिनेछ ।)



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी





**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः **सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः **तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# खाल्डाखुल्डीले दुर्घटनाको जोखिम



बुटवल। रुपन्देहीको तिलोत्तमा नगरपालिकाभित्र पर्ने मणिग्रामदेखि शिवपुर सडकखण्डमा खाल्डाखुल्डी बढ्दै गएपछि सवारी साधन दुर्घटनाको जोखिम बढेको छ। विशेष गरी चार नम्बर चोक, अंकल किराना पसल चोक, टीका भवन चोकलगायत अधिकांश चोकमा खाल्डाहरु परेका कारण सडक प्रयोग गर्ने मोटरसाइकल चालक, साइकल यात्री, पैदलयात्रीदेखि सवारी चालकहरूसम्म प्रभावित बनेका छन्।

स्थानीयवासीका अनुसार दैनिक आवतजावतमा खाल्डा जोगाउने क्रममा सवारीसाधन अचानक मोडिनु वा ब्रेक लगाउनुपर्ने अवस्थाले ठोक्किने तथा पल्टिने जोखिम बढी रहेको छ। मोटरसाइकल चालकलाई त झन् ठूलो चुनौती थपिएको छ। वर्षातको समयमा पानी जमेर खाल्डा देख्नै कठिन हुने भएकाले दुर्घटनाको जोखिम अझ बढ्ने गरेको उनीहरूले बताए।

खाल्डा टाल्ने व्यवस्था नहुँदा पैदलयात्रु पनि प्रभावित छन्। सडक छेउछाउमा खाल्डा भएका कारण बाटो काट्न समस्या हुने र सवारी साधनसँग ठोक्किने डर रहने गरेको छ। स्थानीय शैक्षिक संस्थामा पढ्न जाने विद्यार्थीहरू, बजारमा दैनिक जाने व्यापारी तथा सर्वसाधारणलाई असुविधा थपिएको छ। यातायात व्यवसायीहरूका अनुसार सडकमा खाल्डा हुँदा सवारी साधनमा समेत क्षति पुग्ने गरेको छ। मोटरसाइकल, स्कुटरदेखि ठूला बस तथा मालवाहक गाडीका टायर चाँडै नष्ट हुने, झट्का लागेर इञ्जिन पार्टमा असर पर्ने समस्या देखिएको छ।

तिलोत्तमा नगरपालिकाभित्रको यो प्रमुख सडकखण्ड प्रदेश राजधानी बुटवलसँग जोडिने बाटो भएकाले दैनिक हजारौं मानिस यसैमार्ग हुँदै आवतजावत गर्छन्। यस्तोमा खाल्डाखुल्डीका कारण दुर्घटनाको जोखिम झन् गम्भीर बन्नु चिन्ता लाग्दो विषय बनेको छ।

स्थानीयवासीहरूले सम्बन्धित निकायलाई अविलम्ब खाल्डा पुरेर सडक मर्मत गर्न माग गरेका छन्। यदि समयमै मर्मत गरेमा कुल लागत खर्चको १० प्रतिशतमा नै सडक पुन निर्माण हुने र खर्च बच्ने स्थानीयको सुझाव छ।

# १० लाख बढीका योजना ठेक्काबाट

बुटवल। सरकारले १० लाख रुपैयाँभन्दा बढीका आयोजना उपभोक्ता समितिबाट गर्न नपाइने निर्णय गरेको छ। संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने १० लाख रुपैयाँभन्दा माथिका सबै आयोजना ठेक्काबाट गर्नुपर्ने भएको हो।

अर्थ मन्त्रालयले आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन सम्बन्धमा जारी गरेको १५ बुँदे निर्देशनमा यसबारे उल्लेख छ।

साथै, आयोजना टुक्राएर उपभोक्ता समितिबाट काम नगराउन पनि मन्त्रालयले निर्देशन दिएको छ। सरकारले तयारीबिनाका, कम प्राथमिकता र दोहोरो प्रविष्टि भएका आयोजना रोक्न निर्देशन दिएको छ। यसले विगतमा राजनीतिक प्रभाव वा स्थानीय दबाबका कारण टुक्रिएका सानासाना आयोजना रोकिने अपेक्षा गरिएको छ।

तर, स्रोत सहमति प्राप्त भई निर्माणाधीन आयोजनाले भने निरन्तरता पाउने भएका छन्। स्रोत सहमति लिई निर्माणाधीन रहेका आयोजनालाई बजेट कमी हुन नदिई कार्यान्वयन गर्ने अर्थ मन्त्रालयले जनाएको छ। रोक्का प्रस्ताव गरिएका आयोजनाको गत वर्षमा दायित्व सिर्जना भएको भुक्तानी भने दिइने भएको छ।

अर्थ मन्त्रालयले ०८२ असोज २ भित्र खरिद सम्झौता भइसकेका वा अन्तिम चरणमा पुगेका आयोजनाहरूलाई मात्रै फुकुवा गरिने जनाएको छ।

चालु आर्थिक वर्षमा नयाँ आयोजना वा अन्य कुनै खरिद प्रयोजनका लागि बहुवर्षीय स्रोत सहमति नदिने, निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई एक अर्बसम्म लागत अनुमान भएका आयोजनामा ३ प्रतिशत र सोभन्दा बढीका निर्माण आयोजनामा २ प्रतिशत हुने गरी कार्यान्वयन गर्ने सरकारले निर्णय गरेको छ। शिक्षा, स्वास्थ्य र खानेपानीजस्ता आधारभूत आवश्यकताका क्षेत्रमा बजेट कटौती नहुने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।

भूकम्पलगायत विपद्बाट क्षति भएका सार्वजनिक संरचनाको पुनर्निर्माणलाई पुनर्निर्माण कोषमार्फत् अघि बढाइने भएको छ। साथै, सरकारी भवन र कार्यालय संरचनालाई सेवाग्राहीमैत्री, छरितो र व्यावहारिक बनाउन लेआउट व्यवस्थापनमा जोड दिइने उल्लेख छ।

मन्त्रिपरिषद्को बैठकले विकास आयोजनाको पुनःप्राथमिकीकरण गर्ने र अनुत्पादक कार्यक्रममा रोक लगाउने निर्णय गरेको हो। सो निर्णय कार्यान्वयनका लागि सबै मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहलाई पत्राचार गरिसकिएको अर्थ मन्त्रालयले जनाएको छ।

# पूर्वाधार पुनर्निर्माण गर्न समिति गठन

बुटवल। सरकारले भदौ २३ र २४ गतेको आन्दोलनबाट भएको क्षतिको पूर्वाधार पुनर्निर्माण गर्न अर्थमन्त्री रामेश्वर खनालको अध्यक्षतामा समिति गठन गरेको छ। मन्त्रिपरिषद्को बैठकले भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन) आदेश, २०८२ जारी गरेको छ।

आन्दोलनबाट क्षति भएका सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निर्माणको लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था गरी पुनर्निर्माण तथा मर्मत, आर्थिक पुनरूत्थान, राहत तत्काल व्यवस्थित र प्रभावकारी बनाउन यो समिति गठन गरिएको छ।

सदस्यमा गृहमन्त्री, शहरी विकासमन्त्री, मुख्य सचिव र सदस्य सचिवमा शहरी विकास मन्त्रालयको सचिव रहने व्यवस्था छ।

यसको सचिवालय शहरी विकास मन्त्रालयमा रहनेछ। भौतिक संरचना पुनर्निर्माण, आर्थिक पुनरूत्थान, राहत र पुनर्स्थापनासम्बन्धी कार्यको लागि समितिको कोष स्थापना गरिनेछ। यो कोष सञ्चालनको जिम्मा शहरी विकास मन्त्रालयका सचिव र यही मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुखको हुनेछ। यी दुई जनाको खातामा हस्ताक्षर चल्नेछ।


## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रो. ई. दुजेन्द्र बस्नेत

सनराईज इन्जिनियरङ्ग कन्सल्टेन्सि
तिलोत्तमा-५, मणिग्राम, रुपन्देही (रेडियो लुम्बिनी भवन)


# १२ पसलमा अनुगमन



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा बजार अनुगमन गरिएको छ। संयुक्त जिल्ला बजार अनुगमन समिति नवलपरासीले जिल्लाको सदरमुकाममा रहेको पसलहरूमा बजार अनुगमन गरेको हो।

दसैंमा खास गरी कालो बजारी तथा उपभोक्त ठगिने काम व्यपारीहरुबाट नहोस् भन्ने उद्देश्यले बजार अनुगमन गरिएको जिल्ला बजार अनुगमन समितिका संयोजक एवं सहायक प्रमुख जिल्ला अधिकारी पोषण भण्डारीले जानकारी दिए। अनुगमनको क्रममा मूल्य सूची नराखेको पाइएको खण्डमा मूल्य सूची राखि बिक्री वितरण गर्न निर्देशन दिइएको र मिष्ठान भण्डारहरुमा सरसफाइ नदेखिएकोमा सरसफाइ गरी व्यवसाय सञ्चालन गर्न निर्देशन दिइएको उनले बताए।

बजार अनुगमनको क्रममा अधिकांश पसलहरुमा म्याद ग्रुजिएको र अखाद्य बस्तु फेला परेको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका वरिष्ठ उद्योग अधिकृत मोहन पाण्डेले बताए। ध्यू, कुरमुरे प्याकेजिङ् गरिएका बस्तुमा लेबलिङ नलगाएको र जुसहरु म्याद ग्रुजिएको पाइएको पाण्डेले जानकारी दिए। उनले भने -'अखाद्य बस्तुहरु नियन्त्रणमा लिई करिब ३ तीन हजार बराबरको अखाद्य बस्तुहरु नष्ट गरिएको उनले जनाए।

किराना पसल, फेन्सी, मिष्ठान भण्डार होटल रेष्टुरेण्ट तथा मासुलगायतका १२ वटा पसलमा अनुगमन गरिएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका उद्यम सहजकर्ता मनोजकुमार चौधरीले जानकारी दिए।

जिल्ला बजार अनुगमन समितिका संयोजक एवं सहायक प्रमुख जिल्ला अधिकारी पोषण भण्डारी नेतृत्वमा घरेलु तथा साना उद्योग कार्यालयका वरिष्ठ अधिकृत मोहन पाण्डे, उपभोक्ताहित संरक्षण मञ्चका सचिव मोहन पौडेल, जिल्ला प्रहरी कार्यालयलगायतको टोलीले अनुगमन गरेको थियो।


## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

पण्डित निर्मल प्रसाद आचार्य

कालिका मन्दिर परिवार
बुटवल- रुपन्देही



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा

## खाद्य पदार्थको पैठारी पूर्व स्वीकृति तथा नाकामा प्रवेश अनुमति लिनुपर्ने सम्बन्धमा पैठारीकर्ताहरुका लागि सूचना

मिति १९ श्रावण २०८१ देखि लागू हुने खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले कार्यालयबाट स्वीकृति लिनुपर्ने र उपदफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नुअघि स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिनुपर्ने अनिवार्य प्रावधान रहेको र सो बमोजिम नगरेमा ऐनको दफा ४० (ग) बमोजिम कसूर गरेको मानिने भएकोले ऐनको दफा २ (घ) बमोजिम परिभाषित सम्पूर्ण खाद्य पदार्थहरुको पैठारी गर्नुअघि विभागबाट स्वीकृति लिई मात्र आयात गर्ने र भन्सार नाकामा आए पश्चात भन्सार नाकास्थित विभाग अन्तर्गतका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयबाट प्रवेश अनुमति लिई मात्र खाद्य पदार्थ पैठारी गर्नु गराउनु हुन सम्पूर्ण खाद्य पदार्थ पैठारीकर्ताहरुलाई सूचित गरिन्छ। अन्यथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय
बेलहिया, रुपन्देही, नेपाल
फोन: ०७१-५७५०४८ इमेल: fieqeo. belhiya@gmail.com



## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## तिलोत्तमा नगरपालिकाको अनुरोध

**डेंगीबाट बच्ने उपायहरु:**

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- पानी राखेका भाडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने, गरी झ्याल ढोकामा जाली बेलामा झुल लगाएर सुतौं।
- अँध्यारा कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं,
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमला राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

खुमलाल भुसाल, प्रमुख प्रशासकीय अधिकृत
जगेश्वर देवी चौधरी, नगर उप प्रमुख
रामकृष्ण खाँण, नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल



## खाद्य गुणस्तरमा ध्यान दिऔं।

-सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
-मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं।
-खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं।
-म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं।
-खाद्यान्न भण्डारणदेखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं।
-ताजा फलफूल र तरकारी खाने बानी बसाऔं।
-अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं।
-खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं।

**स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं।**

नेपाल सरकार विज्ञापन बोर्ड


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्ष: मोहन चापागाईं, सल्लाहकार: एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालक: महेश रिजाल, सम्पादक: शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालय: बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेल: dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोन: ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com